आज मिति २०७३ जेठ १६ गते आइतबार विहान ११:०० बजे नि. कार्यकारी अधिकृत श्री गणेश नेपालीज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्य संचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. नि. कार्यकारी अधिकृत  गणेश नेपाली अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. आ.ई. रामगोविन्द श्रेष्ठ

३. आ.ई. दिलभक्त जयना

४. का.अ. गणेशलाल फोजू

५. जि.अ. रेभिड कुस्मा

६. क.अ. प्रभास कुमार चालिसे

७. पु.अ. भुपाल मूल

८. इ. ओमहरि था

९. शा.अ. अम्बिका धौभडेल

१०. शा.अ. रत्नमाया बाला श्रेष्ठ

११. शा.अ. दिलिपकुमार सुवाल

१२. ई. हरिबहादुर सुवाल

१३. शा.अ. दामोदर सुवाल

१४. आलेप विनोद आगन्जा

१५. प्रे.अ. काशिलाल प्रजापति

**विषयहरु :**

**१. चेन डोजर** (Chain Dozer) **तथा ब्याक्हो लोडर** (Backhoe Loader) **खरिदबारे ।**

**२. बोलपत्र आह्वान बारे ।**

**३. योजना स्वीकृत बारे ।**

**निर्णयहरु :-**

१. **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. ७२ मिति २०७२।६।७ को आ.व. २०७२।०७३ को विनियोजित बजेटको बांडफांड र खर्च गर्ने अख्यितारी प्राप्त भए बमोजिमको स्थानीय विकास शुल्क कोष, स्थानीय निकाय स:शर्त पूँजीगत अनुदान रु.२,०४,००,०००।- (दुई करोड चार लाख) रकम यस भक्तपुर नगर क्षेत्रमा फोहरमैला व्यवस्थापन तथा भग्नावशेष व्यवस्थापनका लागि ब्याक्हो लोडर १ र चेन डोजर १ खरिद गर्ने निर्णय गरियो । साथै उक्त खरिदको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।**

२. भ.न.पा. कार्यालयको बा१क ३५७६ नं. को **"कोमात्सु कम्पनीको डब्लूबि 98P बाकोहो लोडर मर्मत"** गर्न मिति २०७१।१२।२८ गते गो.प. र मिति २०७२।२।५ गते पुन: मजदुर दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पर्न आएका ३ (तीन) वटा सिलवन्दी दरभाउपत्र/बोलपत्रहरू मिति २०७२।२।३२ गते खोली मिति २०७२।३।१ गते बसेको बोलपत्र मूल्यांकन समितिबाट सुनखानी देवी ट्रेडर्स प्रा.लि. काठमाण्डौंको बोलपत्र सिफारिस भई मिति २०७२।३।१ बोलपत्र स्वीकृत भई मिति २०७२।३।२ गतेको कार्यादेशबाट स्वीकृत बोलपत्रमा उल्लेखित कार्यहरू सम्पन्न पछि बाकोहो लोडर नगुदेको हुंदा ईन्जिनियरिङ्ग अध्ययन संस्थान, थापाथलीका अटोमेकानिकल ईन्जिनियर श्री लक्ष्मण पलिखेललाई स्वीकृत बोलपत्रमा उल्लेखित कार्यहरू भए नभएको चेक जांच गर्ने र अब कुन कुन सामानहरू फेर्दा बाकोहो लोडर चल्न सकिने हो सो चेक जांच गरी प्रतिवेदन पेश गर्ने कार्यादेश अनुसार उप प्रशिक्षक श्री लक्ष्मण

पलिखेलज्यूबाट दर्ता नं. ६४६५ मिति २०७२।११।४ गते प्रतिवेदनबाट पूर्व स्वीकृत बोलपत्र अनुसार कार्य सम्पन्न भएको र बोकोहो लोडरबाट राम्ररी काम लिन हाईड्रोलिक पम्प पनि फेर्नुपर्ने भनी सिफारिस भई आएको हुंदा निम्न लिखित सामानहरू खरिद गर्न बोलपत्र आह्वान गर्ने निर्णय गरियो । साथै बोलपत्र आव्हान गरिएको सामानहरू फेरी मर्मत कार्य सम्पन्न भैसकेपछि बाकोहो लोडर संचालनमा आएपछि अघिल्लो पटक मर्मत भएको सामानहरूको समेत भुक्तानी दिने निर्णय गरियो ।

<u>खरिद गर्नु पर्ने सामानहरू</u>

| S.N. | Description | Qty |
|---|---|---|
| 1 | Hydraulic Pump Assy ( Made in Germany) | 1 Set |
| 2 | Tyre ( 16/70-24) Tubeless | 4 pcs |
| 3 | Hydraulic Oil | 100 ltre |
| 4 | Hose Pipe | 10 pcs |
| 5 | Service charge | |

३. यस आ.व.०७२/७३ को लागि सडक बोर्ड नेपाल र नगरपालिकाको संयुक्त लगानीमा संचालन हुने वार्षिक मर्मत सम्भार कार्यक्रम (ARMP) अन्तर्गत पहिलो चरणमा रू.६५,००,०००।०० बराबरको कार्यक्रम स्वीकृत भई योजनाहरू संचालनमा रहेको र पुन: मिति २०७२/१२/२९ मा सडक बोर्ड नेपालबाट रू.१९,००,०००।०० थप बजेट बिनियोजन भैआएको हुंदा तपसिलका कार्यक्रम तथा योजनाहरू छनौट गरी कुल रू.२७,०५,८१३।९३ बराबरको ल.ई. तथा कार्यक्रमहरू स्वीकृतिको लागि तथा उक्त योजनाहरू संचालनको लागि सडक बोर्ड नेपालबाट रू.१८,९४,०६९।७५ (७०%) बजेट ब्यहोरिने र नगरपालिकाबाट रू.८,११,७४४।१८(३०%) ब्यहोरिने गरी कार्य संचालन गर्न योजना तथा प्राविधिक शाखाबा६ पेश भएको टिप्पणीमाथि छलफल हुंदा देहाए अनुसार योजनाहरूको ल.ई. तथा कार्यक्रम स्वीकृत गरी योजना संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं | योजनाको नाम | वडा नं | ल.इं.रकम रू. | बजेट बांडफांड | |
|---|---|---|---|---|---|
| | | | | सडक बोर्ड ७०% | नपाबाट ब्यहोरिने ३०% |
| १ | लिवाली क्षेत्र (बाल विकास इ.स्कुल अगाडि) बाटो ढुङ्गा छपाई तथा ग्राभेलिङ्ग कार्य | २ | ५२०,६१५।०३ | ३६४,४३०।५२ | १५६,१८४।५१ |
| २ | मेतं ब्रतफल्चा घुम्ती बाटो मर्मत र ढलान कार्य | २ | ४११,७१२।५० | २८८,१९८।७५ | १२३,५१३।७५ |
| ३ | १० नं वडा कार्यालयबाट दरवारस्क्वायर बाटो मर्मत कार्य | १० | ९६९,४२४।८३ | ६७८,५९७।३८ | २९०,८२७।४५ |
| ४ | गपली बाटो दक्षिण तर्फको सडक मर्मत कार्य | १४ | २४३,५६३।४८ | १७०,४९४।४४ | ७३,०६९।०४ |
| ५ | भार्वाचो गेट देखि असगालसम्मको बाटो मर्मत कार्य (गणेश मा.वि अगाडिको खण्ड) | १७ | ५६०,४९८।०९ | ३९२,३४८।६६ | १६८,१४९।४३ |
| | **जम्मा :** | | २७,०५,८१३।९३ | १,८९४,०६९।७५ | ८११,७४४।१८ |